सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३२९ ♦ २०८२ साल असार २९ गते आइतवार ♦ 13 July 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सङ्घीयता पछि वन जङ्गलको संरक्षणमा संस्थागत प्रयास हुन थाल्यो



**खबर दर्पण समाचारदाता**

**असार २८ गते, बर्दिवास**

मधेश प्रदेशका वन तथा वातावरण मन्त्री सञ्जयकुमार यादवले राणा शासनदेखि हरेक कालखण्डका शासक र सरकार ले विनास गर्दै आएको नेपालका वनलाई साझेदारी वनका पदाधिकारीको सत्प्रयासले संरक्षण र संवर्धन गरेको बताउनुभएको छ । उहाँले सङ्घीयता आएपछि मात्र वन जङ्गलको संरक्षणमा संस्थागत प्रयास हुन थालेको दावी गर्नुभयो ।

वन व्यवस्थापनलाई दिगो तथा प्रभावकारी वनाउन बर्दीबासमा शनिबार देखिसुरु भएको प्रदेशस्तरीय साझेदारी वनको कार्यशाला गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री यादवले सो कुरा बताउनुभएको हो ।

उहाँले विगतका शासनकालमा वनको अस्मितामाथि अनेकन षडयन्त्र भएको उल्लेख गर्दै ठूल्ठूला नेता, मन्त्रीदेखि राजा महाराजासम्मले वनमाथि अतिक्रमण, फँडानी र बेचविखन गरेको बिगत सुनाउनुभयो ।

उहाँले भन्नुभयो ‘अब सङ्घीयताले मुलुकको अवस्था फेरेको छ । संघीयतामा वन कसरी जोगाउने ? प्रदेश र स्थानीय तहले थप के कस्ता नीतिहरु अवलम्बन गर्नुपर्छ ? साझेदारी वनको यो कार्याशाला गोष्ठीबाट ठोस निष्कर्ष आउनेमा हामी विश्वस्त छौं ।’

प्रदेश वन निर्देशक जगन्नाथ प्रसाद जयसवालले उत्पादनशील वनहरुको संवर्धन, व्यवस्थापन, जैविक विविधताको संरक्षण, जनताका माग आपूर्ति र हरीत रोजगारी सृजनामा साझेदारी वनलाई रुपान्तरण गर्नु आवश्यक रहेको धारणा राख्नुभयो ।

निर्देशक जयसवालले भन्नुभयो ‘साझेदारी वन र डिभिजन

*बाँकी पृष्ठ २ मा*

## भूमिगत जलको सङ्कट समाधानका लागि तिनै तहका सरकारले ध्यान दिनुपर्छ : काँग्रेस नेता निधि

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, जनकपुरधाम**

नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधिले गर्मी याममा तराई मधेश क्षेत्रमा देखिएको भूमिगत जलको सङ्कट समाधानका लागि तिनै तहका सरकारले ध्यान दिनुपर्ने बताउनुभएको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित रामस्वरुप साह र रामसागर साहद्वारा २००१ सालमा स्थापना गरिएको श्री धर्म संस्थाको १२ औं वार्षिक साधारणसभाको शनिबार उद्धाटन गर्दै उहाँले यस्तो बताउनुभएको हो।



उहाँले तराई मधेशको २२ जिल्लामा भूमिगत जलको सङ्कट देखिएको जसकारण गर्मी याममा चप्पाकल सुक्न थालेर खानेपानीको हाहाकार हुने गरेकोले तिनै तहको सरकारले यस क्षेत्रमा पानी पुनर्भरणको साथै चुरे क्षेत्रको संरक्षण र वृक्षरोपणको कामकाजलाई तीव्रताका साथ अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले तिनै तहका सरकारले खानेपानीको अभाव भएको ठाउँमा तत्काल समस्या समाधान गरी यस समस्याको निदानका लागि दीर्घकालीन योजना निमार्ण गर्नुपर्ने बताउनुभयो।उहाँले समाज रुपान्तरणको कामकाजमा सङ्घ संस्थाको भूमिका महत्त्वपूर्ण र हेको भन्दै मधेश प्रदेशको शिक्षा क्षेत्रको उत्थानका लागि रामस्वरुप साह र रामसागर साहले दिनुभएको योगदान प्रशंसनीय रहेको बताउनुभयो। उहाँले पर्यटन प्रवर्धनका लागि भारतको अयोध्याधाम र जनकपुरधाम बिचको कनेक्टीभिटी भएमा भारतीय पर्यटक नेपाल आउने र यसले नेपालको अर्थतन्त्रमा मद्दत पुग्ने बताउनुभयो।श्री धर्म संस्थाका सभापति ताराचन्द्र साहको अध्यक्षतामा भएको उद्घाटन सत्रमा कमला बचाऊ अभियानका संयोजक विक्रम यादवलाई सम्मान गरिएको थियो।

## मधेश प्रदेशसभाको अवरोध हटाउन १४ सदस्यीय कार्यदल गठन

**खबर दर्पण समाचारदाता**

**जेष्ठ २८ गते, बनिर्दवास**

मधेश प्रदेशसभामा बजेटमाथिको अवरोध हटाउन ६ सदस्यीय कार्यदललाई संशोधन गरी १४ सदस्यीय कार्यदल गठन गरिएको छ।

शनिबारको प्रदेशसभा बैठकमा प्रतिपक्षी सांसदहरूले सभामुख रामचन्द्र मण्डलको संयोजकत्वमा गठित ६ सदस्यीय कार्यदलमा मन्त्रीहरूको नाम समावेश भएको भन्दै अवरोध गरेपछि सहमति पश्चात् पुनः बसेको बैठकमा नयाँ कार्यदल गठन भएको हो।

सभामुख मण्डलले संयोजक पदबाट राजीनामा दिएपछि उपसभामुख बबिता राउत ईशर को संयोजकत्वमा १४ सदस्यीय कार्यदल गठन भएको छ। कार्यदलका सदस्यहरूमा मो. समीर , शारदा देवी थापा, चन्दन कुमार सिंह, शम्भु कुमार साह, जंगीलाल राय, नागेन्द्र साह, रमिता प्रधान, रामअशिष यादव, कनिष पटेल, जवाहरलाल कुशवाहा, विमला अन्सारी तरन्नम, कञ्चन विच्छा र उर्मिला देवी सिंह रहेका छन्।


नेकपा (एकीकृत समाजवादी) का प्रमुख सचेतकक तथा कार्यदल सदस्य कनिष पटेलले आइतबार सम्म छानबिन पूरा गरी सोमबार प्रतिवेदन प्रदेशसभामा पेश गर्ने बताए। मधेश सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेट प्रस्तुत गरेपछि करिब २३ मिनेट छलफल भएको थियो, तर प्रतिपक्षी सांसदहरूले बजेटमा बिचौलियाको प्रभाव रहेको भन्दै बैठक अवरुद्ध गर्दै आएका छन्।

बैठक सोमबार बिहान ८ बजेसम्म स्थगित भएको छ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# नेपाल भारत मैत्री सम्बन्धबारे निबन्ध लेखन प्रतियोगिता सम्पन्न

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, बर्दिवास**

नेपाल भारत मैत्री सम्बन्ध बारे निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको छ। नेपाल भार त मैत्री सम्बन्धबारे जागरूक गर्न र युवाको धारणा बुझ्न यस निबन्ध लेखन प्रतियोगिताको आयोजना गरिएको बताईएको छ। महोत्तर ीको जलेश्वर स्तिथ लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालयमा महोत्तरीका सामुदायिक विद्यालयमा अध्ययनरत छात्रछात्राहरुले निबन्ध प्रतयोगितमा भाग लिएका थिए।

नेपाल भारत मैत्री संघ नेपालले आयोजना गरेको नेपाल भारत मैत्री सम्बन्ध हिजो,आज र भोली विषयक निबन्ध प्रतियोगितामा समुदायिक विद्यालयका २१ छात्र र २१ छात्रा गरि कुल ४२ जना विद्यार्थीहरु सहभागी भएका थिए । सहभागी विद्यार्थीहरुले नेपाल भारतको मित्रताका बारेमा अध्ययन गरेका बुझेका विषयवस्तु सँगै भविष्यमा नेपाल भारत मित्रतालाई प्रगाढ बनाउन गर्न सकिने उपायहरुबारे समेत चर्चा गरेका थिए। जलेश्वर स्तिथ ल.च.मु.मा.विद्यालय कक्षा दशमा अध्ययनरत छात्र प्रज्ञान चन्द्र ठाकुरले निबन्ध प्रतियोगितामा सहभागी हुन पाउदा खुशीको अनुभूति भएको बताए। उनले यस प्रतियोगितामा सहभागी भएर नयाँकुरा सिक्न पाएको बताउदै आगामी दिनहरुमा पनि यस्ता प्रतियोगिताहरुमा सहभागी हुने ईक्षा व्यक्त गरे ।

त्यस्तै छात्रा नन्दनी पाण्डेयले यो एकदमै नया विषय रहेकोले रोचकताका साथ प्रतियोगितामा सहभागी भएको बताइन। हामी दिनहु नेपाल भारत आवतजावजत गर्ने गर्छौं तर दुईदेशको सम्बन्ध र एकअर्का प्रतिको आवश्यकताका विषयमा चर्चा चाही गर्दैनौ नयाँ विषयभएकोले लेखन प्रतियोगितामा सहभागी भएर मनोबलमा वृद्धि भए संगै दुई देश बिचको हिजो,आज र भोलीको सम्बन्धमा आङ्ग्+नो धारणा राख्न पाउदा राम्रो लागेको बताइन। नेपाल भारत मैत्री संघ नेपालका केन्द्रिय महासचिव उमेश प्रसाद सिंहले निबन्ध लेखन प्रतियोगिताले नेपाल भारतको मैत्री सम्बन्ध बारे विद्यार्थीहरुलाई बुझ्न सहयोग गर्ने बताए ।

उनले यस प्रतियोगिताले युवा पुस्तामा नेपाल भारत सम्बन्ध बारे स्पष्ट जानकारी गराउने सँगै कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुका लागि बौद्धिक क्षमता अभिवृद्धि गर्नमा समेत मद्दत पुर्याउने उनले बताए । मधेश प्रदेश सँगै नेपाल भरीका विद्यार्थीहरुमा दुईदेश बिचको मित्रतापूर्ण सम्बन्ध बारे जागरूकता र जनजागरण गर्ने आगामी योजनाहरु समेत रहेको जानकारी दिए । कार्यक्रममा नेपाल भारत मैत्री संघ मधेश प्रदेशका अध्यक्ष लवराजा सिंहले



नेपाल भारतको सम्बन्ध धार्मिक,सांस्कृतिक,व्यापारिक र पारिवारिक रहेको उदृत गर्दै युवा विद्यार्थीहरुमा समेत मैत्रीपूर्ण सम्बन्ध बारे जानकारी हुनु आवश्यक रहेको बताए। उनले मधेश प्रदेशका जिल्लाहरु भारतिय सिमाना सँग जोडिएको छ ।

सिमावर्ती क्षेत्र संवेदनशील पनि हो विभिन्न घटनाले दुईदेशका आमनागरिकमा नकारात्मक भाव सृजना गर्नसक्ने हुन्छन जसले गर्दा मित्रतापूर्ण सम्बन्धमा ठेस पुग्ने समम्को अवस्था नआउन दिन संघले निरन्तर स्पष्ट रुपमा जनस्तरमा फैलिएको भ्रम चिर्दै दुईदेश बिचको धार्मिक,सांस्कृतिक महत्व र क्रियाकलाप आदान-प्रदान गर्दै जनस्तरमा सहयोग समेत गर्दै आईरहेको बताए। त्यस्तै निबन्ध लेखन प्रतियोगिता लागयत अन्य कार्यक्रमहरुलाई निरन्तरता दिने अध्यक्ष सिंहले बताए । त्यस्तै निबन्ध लेखन प्रतियोगिताको नतिजा आएपछि पुरस्कार वितरण कार्यक्रम हुने जनाईएको छ ।

## सङ्घीयता पछि वन जङ्गलको ..............

वनका आआफ्नो गुनासा र असन्तुष्टि छन्। तीनलाई सरल र सहजरुपमा कसरी अगाडि लैजाने ? लगायतका विषयमा ऐक्यबद्ध भएर अघि बढन यो कार्याशाला गोष्ठी आयोजना गरिएको हो ।'

यसअघि साझेदारी वनका केन्द्रिय अध्यक्ष रामप्रसाद चौधरीले वन संरक्षणदेखि यसको संवर्धन, रोजगारी सृजना र समितिका सवालमा यस्तो कार्यक्रमले ठोस निष्कर्ष दिनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

चौधरीले प्रश्न गर्नु भयो 'कतिपय साझेदारी वनको सधाराण सभासमेत हुन सकेको छैन । योजना वनेका छैनन् । अन्यौल र अनिश्चितताको अवस्था छ । यसबारे छलफल गर्न मन्त्रालयदेखि डिभिजन वनका उपस्थिति नैराश्यजनक रहेकोले समस्याले कसरी निकाश पाउने ?'

२९ गते आइतबारसम्म हुने गोष्ठीमा वन तथा वातावरण मन्त्रालयका सचिव उद्धव घिमिरे, मधेश प्रदेशका १७ वटा साझेदारी वनका प्रतिनिधि, ६ जिल्लाका डिएफओहरु, प्रदेश अध्यक्ष गणेश साह तथा वन विज्ञ लगायतको सहभागिता छ ।

कार्यक्रममा प्रदेश वन निर्देशनालय अधिकृत मनोज ठाकुरले वन व्यवस्थापनको इतिहास र साझेदारी वनको अवको बाटो' विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने डिभिजन वन महोत्तरीका वन अधिकृत लालबाबु यादवले 'विगत वर्ष भएका सझोदारी वन सम्बन्धी गतिविधिको समीक्षा गर्नुभएको थियो ।

मधेश प्रदेशको सिरहा र सप्तरीबाहेक ६ जिल्लाका ४६ हजार एक सय ४३ हेक्टरमा साझेदारी वन छ ।




**हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस् ।**

"साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको ण्जीवनको रक्षा गर्छ!"

**यातायात व्यवस्था कार्यालय,**

**जनकपुरधाम**


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कमला-पथलैया खण्डमा ३१ हजारभन्दा बढी रुख कटानको प्रक्रिया सुरु

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, बर्दिवास**

पूर्व-पशिचम लोकमार्गको स्तरोन्नति कार्यमा मुख्य बाधक बनेका सडकछेउका रुख हटाउने प्रक्रिया औपचारिक रूपमा सुरु भएको छ ।

धनुषाको कमला देखि बारा जिल्लाको पथलैयासम्मको १३० किलोमिटर दुरीमा पर्ने सडक खण्डमा ३१ हजार ५२९ वटा रुख हटाउने वन तथा भू-संरक्षण विभागको निर्णयसँगै अब स्तरोन्नतिको काम तीव्र हुने अपेक्षा गरिएको छ ।

विभागले असार २३ गते स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनाअनुसार रुख कटानको आदेश दिएको हो । उक्त आदेशपछि गौरीडाँडास्थित कमला-ढल्केवर-पथलैया सडक आयोजनाले रुख व्यवस्थापनको प्रक्रिया अघि बढाएको छ ।

आयोजनाका प्रमुख छविलाल पौडेलका अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन (ईआईए) प्रतिवेदन २०८१ सालमै स्वीकृत भए पनि रुख कटानको अनुमति आउन दुई वर्ष लागेको थियो । विश्व बैंकको १८ अर्ब ६० करोड रुपैयाँ ऋण सहयोगमा सञ्चालित पूर्वी खण्ड स्तरोन्नति योजना अन्तर्गत सडक विस्तारको काम सन् २०२५ को जनवरी १ देखि धनुषाको कमला पुल पशिचम, सर्लाहीको बडहरी र फूलजोर–तीन स्थानबाट एकैसाथ सुरु गरिएको थियो ।

हालको दुई लेन सडकलाई सहरी तथा बजार क्षेत्रभित्र ६ लेन (३१ मिटर चौडाइ) र अन्य क्षेत्रमा ४ लेनसहित 'मेडियन' सहित १८ मिटर चौडा बनाउने लक्ष्यसहित निर्माण कार्य अघि बढाइएको हो ।

कमला-बडहरी खण्डको जिम्मा भारतीय कम्पनी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेडले लिएको छ भने बडहरी-फूलजोर र फूलजोर-बागमती खण्डमा चिनीया कम्पनी एसडब्ल्यु इजे र नेपाली कम्पनी रखुवा कन्स्ट्रक्सन को संयुक्त उपक्रमले काम गरिरहेको छ ।

तर, रुख तथा विद्युतीय पोल जस्ता संरचनात्मक अवरोधका कारण निर्माण कार्य निर्धारित गति अनुसार अघि बढ्न सकेको छैन । आयोजनाले काम सुरु भएको ६ महिना बितिसक्दा पनि न्यूनतम १५ प्रतिशत प्रगति हुनु पर्नेमा हालसम्म १० प्रतिशत मात्रै काम भएको जनाएको छ ।



सडक विस्तार अन्तर्गत प्रस्तावित ३४ पुल र १०० कल्भर्टमध्ये हालसम्म १५ पुल र १७ कल्भर्टमा मात्रै काम सम्पन्न भएको छ । आयोजनाका प्रमुख पौडेलले भने, 'रुख र पोल व्यवस्थापनको ढिलाइले सिभिल स्ट्रक्चर निर्माण प्रभावित भएको छ । विशेषगरी डाइभर्सनको लागि आवश्यक ठाउँ अभाव भएको छ ।'

रुख कटानको आदेश आइसके पनि कार्यान्वयनमा केही ढिलाइ हुने संकेत वन अधिकारीहरूले दिएका छन् । मधेश प्रदेशका वन निर्देशनालय प्रमुख जगन्नाथप्रसाद जयसवालका अनुसार रुखमा टाँचा लगाउने, सूची मिलाउने र जिल्लागत समन्वय प्रक्रिया अझै बाँकी रहेको छ ।

उनले भने, 'विभागीय आदेश अनुसार प्रक्रिया अघि बढ्छ । अब आयोजनासँग छलफल गरेर यथाशीघ्र कटान कार्य सम्पन्न गर्न लागेका छौं ।'

सडक स्तरोन्नतिको काम निर्धारित समयमै सम्पन्न गर्न निर्माणमा बाधक अवरोधहरूको व्यवस्थापनमा तीव्रता दिनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।


## कृषक वर्गमा अनुरोध

नेपाल एक कृषि प्रधान देश भएको र खाद्यमा आत्म निर्भरता बढाउने सरकारी प्रयास स्वरुप किसानलाई विभिन्न खालेसेवा सुविधा उपलब्ध हुँदै आएको छ । समयमा वर्षा नहुँदा कयन खेत बारीहरु बाँझै छन्, नजिकै पानीको श्रोत नभएको ठाउँमा के कसरी सिँचाई गर्ने सवालमा तराईका जिल्लाहरुमा भुमिगत (जमिनमुनी) का जललाई उपभोग गर्न सकिन्छ । यसरी भुमिगत जलश्रोतबाट अधिकतम रुपमा सिंचाई सेवा उपलब्ध गराउने उद्देश्यले भुमिगत जलश्रोत विकास समिति महोत्तरीले धुनषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाको केहि भागमा समूहगत सिंचाई सेवा उपलब्ध गराउँदै आइरहेको छ। नजिकै पानीको मुहान नभएको ठाउँमा के कसरी सिंचाई गर्न सकिन्छ भने अधिक जानकारीका लागि तपसीलको ठेगानामा सम्पर्क राखी खाद्यमा आत्म निर्भरता बढाउन भूमिगत जलश्रोत सिंचाई प्रयोग गरौं ।

**भूमिगत सिंचाई विकास डिभिजन**

**महोत्तरी**



## तपाईको शहर वर्दिवासमा

WebSurfer

Fiber Internet &Iptv

अरु भन्दा फरक

सबै भन्दा विस्वास्निय

सम्पर्क गर्नुहोस् ।

044550565, 9801042026



**कमला छेउका बासिन्दाहरुका लागि महत्वपूर्ण सन्देश:**

🔦 **टर्च लाईट जोगाएर राखौं:** आपत्कालीन बेलामा अति आवश्यक हुन्छ।

📢 **खतराबारे जानकारी राखौं:** समाचार, सूचना र बाढी पूर्वानुमानमा अपडेट रहौं।

🪵 **बर्षायाममा** बाहिर निस्कँदा लठ्ठी साथमा लिएर जाऔं, अनिश्चित जमिनमा सहयोग गर्छ।

🐍 **सर्पको खतरा हुन्छ:** राती निस्कँदा अनिवार्य टर्च लिएर निस्कौं।

🚨 **बाढीको सम्भावना** देखिएपछि विशेष सतर्कता अपनाऔं, सुरक्षित स्थानमा जान तयार रहौं।

**गणेशमान चारनाथ नगरपालिका**

विपद् व्यवस्थापन समिति

वीरेन्द्रबजार, धनुषा



## बर्दिवास नगरपालिका, महोत्तरी

**जनहितमा जारी सन्देश**

"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"



- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस्।
- पानी बचत गरौं, भोलीको लागि सुरक्षित गरौं ।
- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- इनार, कुवा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- जलश्रोतमा फोहोर फाल्ने, साबुन/केमिकल हाल्ने काम नगरौं ।



## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Service to Save Life

**Hot line number**

९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# मलंगवामा यातायात र बजार ठप्प,जनजीवन प्रभावित



**खबर दर्पण समाचारदाता**

**असार २८ गते, बर्दिवास**

सर्लाही जिल्लाको सदरमुकाम मलंगवामा शनिवार बिहानैदेखि यातायात र बजार ठप्प हुँदा जनजीवन प्रभावित बनेको छ। जनता समाजवादी पार्टी (जसपा) सर्लाहीले पार्टीका मधेश प्रदेश अध्यक्ष अशोककुमार यादवमाथि झुठो मुद्दा दायर गरिएको भन्दै मलंगवामा दुई दिनको लागि बन्द आह्वान गरेको हो।

पार्टीले हिजो प्रेस विज्ञप्ति जारी गरी आज (शनिबार) र भोलि (आइतबार) मलंगवामा सम्पूर्ण यातायात र व्यापारिक गतिविधि बन्द गराउने निर्णय गरेको थियो। शुक्रबार साँझ मसाल जुलुस निकाली विरोध प्रदर्शन गरिएको थियो। जसपा सर्लाहीका अध्यक्ष शम्भुप्रसाद यादवद्धारा जारी विज्ञप्तिमा जिल्ला प्रहरी प्रमुख एसपी योगेन्द्रकुमार खड्काले पार्टी अध्यक्ष अशोक यादवमाथि लगाएको झुठो मुद्दा, साथै जिल्लाका सरकारी कार्यालयहरूमा भइरहेको भ्रष्टाचार, लुटतन्त्र र मनोमानीको विरोध स्वरूप बन्द गरिएको जनाइएको छ।

असार १९ गते राति एसपी खड्कासँग टेलिफोनमा गालीगलौज भएको घटनापछि यादव फरार छन्। सर्लाही जिल्ला अदालतले असार २० गते नै आपराधिक उपद्रव सम्बन्धी कसुरमा उनलाई पक्राउ अनुमति दिएको हो। यद्यपि फरार रहेका यादवले आफ्नै नो सामाजिक सञ्जाल र सञ्चार माध्यममार्फत भिडियो तथा अन्तर्वार्ता प्रकाशन गरिरहेका छन्। यस घटनाले जिल्लाको र ाजनीतिक माहोल तातेको छ भने आम सर्वसाधारणको दैनिक जीवन प्रभावित भएको छ। सम्बन्धित निकायबाट तत्काल समस्या समाधान र संवादमार्फत परिस्थिति सामान्य पार्नुपर्ने माग सर्वत्र उठ्न थालेको छ।

# टुटेश्वरनाथ महादेव मन्दिरमा मेलाको तयारी



**खबर दर्पण समाचारदाता**

**असार २८ गते, बर्दिवास**

बर्दिवास नगरपालिका-५ मा अवस्थित ऐतिहासिक एवं धार्मिक स्थल टुटेश्वरनाथ महादेव मन्दिरमा साउन महिनाको सोमबारदेखि लाग्ने वार्षिक मेला यसपटक विशेष रूपमा मर्यादित, सभ्य र भव्य बनाउने तयारी गरिएको छ। मेलालाई व्यवस्थित गर्न बर्दिवास नगरपालिकाले विभिन्न निकाय र सरोकार वालाबीच सहकार्यको अपेक्षा गरेको छ।

शनिवार मन्दिर परिसरमै आयोजित तयारी बैठकमा नगर प्रमुख प्रह्लाद कुमार क्षेत्रीले मन्दिर संरक्षण समिति र नगर पालिकाको पर्यटन पूर्वाधार विकास समितिबीच सहकार्य अपरिहार्य रहेको बताउँदै, धार्मिक पर्यटन प्रवर्द्धनसँगै मेलालाई व्यवस्थित बनाउने साझा लक्ष्यका लागि एकताबद्ध भएर अघि बढ्न आग्रह गरे।

उनले भने,धार्मिक स्थलको संर क्षण र विकास नगरपालिकाको प्रमुख प्राथमिकता हो। टुटेश्वर नाथजस्तो गहिरो आस्थाको केन्द्रमा आयोजना हुने मेला बर्दिवासको सांस्कृतिक,पर्यटन तथा धार्मिक पहिचानलाई नयाँ उचाइ दिन सक्षम हुनुपर्छ,“ नगर प्रमुख क्षेत्रीले हरेक वर्ष लाग्ने मेलामा स्थानीय उत्पादनको उपयुक्त प्रवर्द्धन नहुँदा मन्दिर आसपासका स्थानीय नागरिकको आर्थिक अवस्था बलियो हुन नसकेकोप्रति चिन्ता व्यक्त गरे। उनले यस वर्षदेखि मेलामा स्थानीय कृषि, हस्तकला तथा घरेलु उत्पादनहरूका लागि पृथक स्टलको व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन्। “धार्मिक मेलामार्फत आर्थिक गतिविधिलाई पनि जोड्नु अहिलेको आवश्यकता हो,”क्षेत्रीले भने।

# सर्लाहीमा करेन्ट लागेर एक युवकको मृत्यु

**खबर दर्पण समाचारदाता**

**असार २८ गते, सर्लाही**

विष्णु गाउँपालिका-७ स्थित दुल्वा टोलमा शनिबार बिहान करेन्ट लागेर एक युवकको ज्यान गएको छ।

२६ वर्षीय कपलेश्वर राय आफ्नै खेतमा सिंचाइका लागि विद्युतीय मोटर चलाउने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए।

गंभीर अवस्थामा उनलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा लगिएको थियो तर उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

प्रहरीका अनुसार घटनाको विस्तृत कारणबारे थप अनुसन्धान भइरहेको छ।

यसप्रकारका घटनाले गाउँघर मा विद्युतीय सुरक्षाका उपाय अपनाउने आवश्यकता झनै देखिएको छ।





नसर्ने रोगबाट बच्ने उपाय ।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौ ।**

**मटिहानी नगरपालिका, महोत्तरी**

**हेलमेट लगाउनुहोस् - जीवनको रक्षा गर्नुहोस् ।**

“साइकिल या बाइक चलाउँदा हेलमेट अनिवार्य हो। यसले तपाईको एजीवनको रक्षा गर्छ!“

**यातायात व्यवस्था सेवा केन्द्र वर्दिवास, महोत्तरी**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,